# मादी गाउँपालिका

# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ४ संख्या ७ पौष १३ गते, २०७७ साल**

# भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# संवत् २०७७ सालको कार्यविधि नं. ७

मादी गाउँपालिका, कास्की

### कृषि औजार उपकरण खरिद तथा वितरण कार्यक्रम संचालन कार्यविधि, २०७७

**प्रस्तावन :**

कृषि कार्यमा सहजता ल्याउन, कृषि तथा पशु पालनको उत्पादन लागत घटाई कृषिको व्यवसायीकरणलाई प्रर्वद्धन गर्न कृषि उत्पादन तथा पशुपालन क्षेत्रमा प्रयोग हुने उन्नत तथा आधुनीक मेसिनरी औजार उपकरणको प्रयोग मार्फत कृषि क्षेत्रको उत्पादकत्व बढाउने उन्नत तथा आधुनिक मेशिनरी औजार उपकरण खरिदमा अनुदान उपलब्ध गराउने उद्देश्यले मादी गाउँपालिकाको कृषि व्यवसाय प्रबर्द्दन गर्न बनेको ऐन २०७५ को दफा ८ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाबाट "कृषि औजार उपकरण खरिद तथा वितरण कार्यक्रम संचालन कार्यविधि, २०७७" स्वीकृत गरी जारी गरिएको छ |

# परिच्छेद १
# प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधिको नाम कृषि औजार उपकरण खरिद तथा वितरण कार्यक्रम संचालन कार्यविधि, २०७७ रहेको छ |

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ |

**२. परिभाषा:** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

क) "अनुदान" भन्नाले यस कार्यविधि अनुरुप कृषि कार्यमा प्रयोग हुने औजार, उपकरण, सामाग्री एबम उपकरण संचालन गर्नका लागि उपलब्ध गराईने वस्तुगत वा नगद सहयोग सम्झनु पर्दछ |

ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि अनुरुप अनुदान प्राप्त गर्ने अनुदानग्राही सम्झनु पर्दछ |

ग) "औजार/उपकरण" भन्नाले कृषि कार्यमा प्रयोग हुने सामग्रीलाई सम्झनु पर्दछ |

घ) "कृषि समूह" भन्नाले गाउँपालिका भित्र नियमानुसार दर्ता भएका किसानहरुको समुह सम्झनु पर्दछ |

ङ) "कृषि सहकारी" भन्नाले गाउँपालिका भित्र नियमानुसार दर्ता भएका कृषि कार्य गर्ने सहकारीलाई सम्झनु पर्दछ |

च) "कृषि फर्म" भन्नाले व्यवसायिक रुपमा कृषि उपजको उत्पादन गर्ने निजि वा सामुहिक इकाईलाई सम्झनु पर्दछ |

छ) "कार्यविधि" भन्नाले कृषि औजार उपकरण खरिद तथा वितरण कार्यक्रम संचालन कार्यविधि, २०७७ लाई सम्झनु पर्दछ |

छ) "गाउँपालिका" भन्नाले मादी गाउँपालिका भित्रको क्षेत्रफललाई सम्झनु पर्दछ |

ज) "सम्झौता" भन्नाले गाउँपालिका र आवेदकबिचको लिखित समझदारीलाई सम्झनु पर्दछ |

**३. उद्देश्य:** यस कार्यविधिका उद्देश्य देहाय बमोजिम हुनेछन;

क) आधुनिक कृषिजन्य औजार, सामग्री एवम् उपकरणहरुको प्रयोगबाट कृषि आधुनिकीकरणमा टेवा पुर्याउने |

मादी गाउँपालिका, कास्की

ख) कृषि औजार, सामग्री एवम् उपकरणको प्रयोगबाट कृषि क्षेत्रको उत्पादन एवम् उत्पादकत्व वृद्धि गर्ने |

ग) कृषिको व्यवसायीकरण मार्फत उद्योगको रुपमा विकास गर्ने ।

## परिच्छेद २
## कार्यक्रम संचालन प्रक्रिया

**४. कार्यक्रम संचालन हुने स्थान:** यस कार्यविधि अनुरुप संचालन हुने कार्यक्रम मादी गाउँपालिका भित्र संचालन हुनेछ |

**५. कार्यक्रममा सहभागी हुन सक्ने आवेदक र अनुदान प्राप्त गर्न आबस्यक न्युनतम योग्यता:**

(१) यस कार्यविधि बमोजिम संचालन हुने कार्यक्रममा देहाय बमोजिमका आवेदक सहभागी हुन सक्नेछन:

क. कृषक परिवार

ख. नियमानुसार गाउँपालिका भित्र दर्ता भएका कृषक समूहहरु

ग. नियमानुसार गाउँपालिका भित्र दर्ता भएका कृषि सहकारीहरु

घ. नियमानुसार गाउँपालिका भित्र दर्ता भएका कृषि फर्म/कम्पनिहरु

(२) यस कार्यविधि बमोजिम संचालन हुने कार्यक्रममा सहभागी हुन उपदफा (१) बमोजिमका आवेदकले देहाय बमोजिमको योग्यता पुरा गरेको हुनु पर्नेछ |

| क्र.सं | औजार/उपकरणको नाम | आवेदकका किसिम | इकाई | आवस्यक मापदण्ड |
|---|---|---|---|---|
| १. | टनेल प्लास्टिक | कृषक परिवार/कृषक समूह/कृषि सहकारी/ कृषि फर्म | १ | • आधा रोपनीमा तरकारी खेती गर्ने गरेको<br>• व्यवसायिक तरकारी खेती तर्फ उन्मुख भएको |
| २. | मौरी घार | कृषक परिवार/कृषक समूह/कृषि | १ | • पर्याप्त चरन क्षेत्र भएको |

मादी गाउँपालिका, कास्की

| | | | | |
|---|---|---|---|---|
| | | सहकारी/ कृषि फर्म | | • मौरीपालन सम्बन्धी आधारभूत ज्ञान भएको |
| ३. | प्लास्टिक पोखरी | कृषक परिवार/कृषक समूह/कृषि सहकारी/ कृषि फर्म | १ | • बर्षभरी पानीको पर्याप्त स्रोत भएको हुनुपर्ने<br>• प्रति प्लास्टिक आधा रोपनीमा माछा पालन गर्नु पर्ने |
| ४. | मिनी टिलर | कृषक समूह/कृषि सहकारी/ कृषि फर्म | १ | • कम्तिमा पनि १ रोपनी क्षेत्रफलमा व्यवसायिक तरकारी खेती हुनुपर्ने<br>• कम्तिमा पनि १० रोपनी क्षेत्रफलमा धान खेती हुनुपर्ने |
| ५. | हेल नेट | कृषक परिवार/कृषक समूह/कृषि सहकारी/ कृषि फर्म | १ | • आधा रोपनीमा तरकारी खेती गर्ने गरेको |
| ६. | थोपा सिंचाई सेट | कृषक परिवार/कृषक समूह/कृषि सहकारी/ कृषि फर्म | १ सेट | • कम्तिमा पनि १ रोपनी क्षेत्रफलमा व्यवसायिक तरकारी खेती हुनुपर्ने |

माडी गाउँपालिका, कास्की

| | | | | |
|---|---|---|---|---|
| ७. | मल्चिंग प्लास्टिक | कृषक परिवार/कृषक समूह/कृषि सहकारी/ कृषि फर्म | - | • कम्तिमा पनि १ रोपनी क्षेत्रफलमा व्यवसायिक तरकारी खेती हुनुपर्ने |
| ८. | इस्प्रयेर | कृषक परिवार/कृषक समूह/कृषि सहकारी/ कृषि फर्म | १ सेट | • कम्तिमा पनि १ रोपनी क्षेत्रफलमा व्यवसायिक खेती हुनुपर्ने |
| ९. | स्प्रिंकल सिंचाई सेट | कृषक परिवार/कृषक समूह/कृषि सहकारी/ कृषि फर्म | १ सेट | • कम्तिमा पनि १ रोपनी क्षेत्रफलमा व्यवसायिक तरकारी खेती हुनुपर्ने |
| १०. | मेटालिक बिन | कृषक परिवार | १ गोटा | • कम्तिमा पनि ५ रोपनी क्षेत्रफलमा खाद्यान्न बाली लगाएको हुनु पर्ने |
| ११. | पावर रिपर | कृषक समूह/कृषि सहकारी/ | १ गोटा | • कम्तिमा पनि १० रोपनी क्षेत्रफलमा धान बाली लगाएको हुनु पर्ने |

माादी गाँउपालिका, कास्की

| | | | | |
|---|---|---|---|---|
| १२. | घाँस काट्ने मेसिन | कृषक परिवार/कृषक समूह/कृषि सहकारी/ | १ | • व्यवसायिक पशुपालन (बाख्रा, भैंसी) गरेको |

माटी गाँउपालिका, कास्की

## ६. सूचना प्रकाशन तथा आबेदन संकलनः

(१) गाउँपालिकाले कृषि औजार उपकरण खरिद कार्यक्रममा सहभागी हुन कृषक परिवार/ कृषि समूह/कृषि सहकारी/कृषि फर्म/कम्पनीहरुबाट आवेदन माग गर्न अनुसूची १ बमोजिम १५ दिनको म्याद दिई सूचना प्रकाशन गर्नेछ |

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपछी कृषक परिवार/ कृषि समूह/कृषि सहकारी/कृषि फर्म/कम्पनीहरुले सुचनामा तोकिएको समयावधि भित्र अनुसूची-२ अनुसारको निबेदन र आवस्यक कागजातहरु तोकिएको ढांचामा आ-आफ्ना वडामा सूचना प्रकाशन भएको १५ दिनभित्र पेश गर्नु पर्नेछ |

## ७. मूल्यांकन र छनौटः

(१) दफा ६ को उपदफा (२) बमोजिम आबेदन दिएका आबेदनहरुको मूल्यांकनका लागि देहाय बमोजिमको मूल्यांकन समिति रहनेछ |

- क) गाउँपालिका अध्यक्ष – संयोजक
- ख) गाउँपालिका उपाध्यक्ष – सह- संयोजक
- ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी – सदस्य
- घ) कृषि शाखा प्रमुख – सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ |

- क) मूल्यांकनका आधारहरु बनाउने
- ख) प्राप्त आवेदन मध्ये न्युनतम योग्यता पुगेका आवेदनहरुको अनुसूची-४ बमोजिमको मूल्यांकनको आधारहरुमा मूल्यांकन गर्ने |
- ग) मूल्यांकनका आधारमा छनौट भएका आवेदकहरुको सुची तयार गर्ने |

माडी गाउँपालिका, कास्की

# परिच्छेद – ३
# अनुदान सम्झौता र भुक्तानी

## ८. अनुदान सम्झौता:

(१) यस कार्यविधि बमोजिम छनौट भएका अनुदानग्राहीले संचालन गर्नुपर्ने क्रियाकलाप, सो को समय सारणी, पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवम् भुक्तानी विधि उल्लेख गरी अनुदानग्राहीसंग सम्झौता गरिनेछ |

(२) यस कार्यविधि बमोजिम छनौट भएका अनुदानग्राहीलाई बार्षिक स्वीकृत कार्यक्रमको बजेट परिधिभित्र रहि गाउँपालिकाले तोके बमोजिमको अनुदान उपलब्ध गराईनेछ |

(३) कार्यक्रम संचालनको क्रममा आवस्यक पर्ने प्रशासनिक खर्च (मूल्यांकन समितिको बैठक भत्ता, अनुगमन तथा मूल्यांकन लगायत कार्य) को लागि कार्यक्रम शीर्षकबाट खर्च गर्न सकिने छ ।

## ९. अनुदानका औजार एवम उपकरण भुक्तानी:

(१) सम्झौता गरिएका लाभग्राहीलाई सम्झौता बमोजिमका कृषि औजार एवम उपकरण खरिद तथा वितरण गाउँपालिकाले प्रचलित कानून बमोजिम गर्ने छ ।

(२) स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको सीमाभित्र रही देहायका कुनै एक वा एक भन्दा बढी मेशिनरी औजार तथा उपकरण खरिदका लागि कुल खरिद लागतको बढीमा ५० प्रतिशत अनुदान सहयोग अनुदानग्राही (कृषक/ कृषक समुह/ कृषि सहकारी/ फर्म तथा कम्पनी) लाई उपलब्ध गराउन सकिने छ ।

(क) मिनी टिलर र पावर टिलर (अधिकतम २० एच.पि.सम्म) र यसका एट्याचमेन्टहरु (एन्टी स्कीड ह्वील, डिस्क प्लाव, डिस्क हैरो, रिजर, वण्ड पर्मर, सिड कम फर्टिलाइजर ड्रिल, थ्रेसर, रिपर आदि) ।

(ख) पावर स्प्रेयर, बुस कटर, विडर, खाडल खन्ने मेसिनरी औजार, बीउ प्रशोधन मेशिनहरु तथा अन्नवाली, फलफूल, तरकारी खेतीको लागि आवश्यक अन्य यत्र तथा उपकरणहरु।

(ग) पशुपालनमा प्रयोग हुने ग्रास कटर, च्याफ कटर, मिल्किङ मेसिन, मिल्क क्यान, मिल्क एनलाईजार, ग्रान्डर, पेलेटिङ मेसिन, वाटर प्युरिफायर र दुग्ध पदार्थ विविधिकरण सामाग्रीहरु आदि।

(घ) माछापालनमा प्रयोग हुने एरेटर, दाना बनाउने यत्र, जाल, महाजाल।

(ङ) एक अनुदानग्राहीलाई उपलब्ध गराईने अनुदानको सीमा अधिकतम रु. ५०,०००/-सम्म हुनेछ।

## परिच्छेद ५
## अनुगमन तथा निरीक्षण

**१०.अनुगमन सम्बन्धी व्यबस्था:** कार्यविधि अनुरुप संचालित कार्यक्रमको अनुगमनका लागि देहाय बमोजिमको अनुगमन समिति रहनेछ।

| | | |
|---|---|---|
| क) | गाउँपालिका अध्यक्ष | – संयोजक |
| ख) | गाउँपालिका उपाध्यक्ष | – सह- संयोजक |
| ग) | आर्थिक विकास समितिको संयोजक | - सदस्य |
| घ) | प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको कर्मचारी | – सदस्य |
| ङ) | कृषि शाखा प्रमुख | – सदस्य सचिव |

## परिच्छेद ६
## बिबिध

११. यस कार्यविधि बमोजिम संचालन भएको कार्यक्रमबाट अनुदानका रुपमा पाएका कृषि सामग्री, औजार एबम उपकरणको दुरुपयोग भएको पाईएमा प्रचलित कानुन बमोजिम कारबाही गरि असुल उपर गरिनेछ।

**१२. बाधा अड्काउ फुकाउने:**

(१) यस कार्यविधि अनुसार कार्यक्रम संचालनमा बाधा अड्चन आईपरेमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार संसोधन तथा खारेज गर्न सक्नेछ।

# अनुसूची-१
## सुचनाको ढांचा
### प्रथम पटक प्रकाशित मिति : २०...../......

मादी गाउँपालिकाको कार्यालयको आ.ब. ............. को कृषि औजार उपकरण खरिद कार्यक्रम अनुसार कृषि उत्पादनमा आवस्यक पर्ने औजार एवम उपकरणहरु अनुदानमा उपलब्ध गराईने भएकाले तपशिल बमोजिमका औजार उपकरण माग गर्न इच्छुक यस मादी गाउँपालिका क्षेत्र भित्रका कृषक परिवार/ कृषि समूह / सहकारी एवम कृषि फर्महरुले आबस्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (............. गते) भित्र यस कार्यालयमा तोकिएको ढाँचामा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ | साथै थप जानकारीका लागी मादी गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ |

| सि.नं. | औजार एवम उपकरण |
|---|---|
| १. | टनेल प्लास्टिक |
| २. | मौरीघार |
| ३. | प्लास्टिक पोखरी |
| ४. | अन्य..... |

संलग्न गर्नुपर्ने कागजातहरु

१. सक्कल निवेदन
२. आवेदकको नागरिकताको प्रतिलिपि
३. कृषि समूह / कृषि सहकारी / फर्मकोहकमा नियमानुसार दर्ता तथा नबीकरण भएको प्रमाण पत्रको प्रतिलिपि र सहकारी संस्थाको हकमा कृषि/पशुपालन/ व्यवसाय संचालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपिहरू
४. संस्थाको हकमा स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
५. कृषि सहकारीहरुको हकमा गत आर्थिक बर्षको लेखा परिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि

६. कृषि समूह / सहकारी प्रस्ताब स्वीकृत गरि अनुदान माग गरिएको निर्णयको प्रतिलिपि
७. सम्बन्धित वडा कार्यालयको सिफारिश पत्र

## अनुसूची-२
## आवेदनको ढाँचा

श्रीमान प्रमुख ज्यु
मादी गाउँपालिका
गाउँपालिकाको कार्यालय, थुमाकोडाँडा, कास्की |

बिषय: ..............................

प्रस्तुत बिषयमा यस मादी गाउँपालिकाको कार्यालयबाट मिति.............................मा प्रकाशित सार्वजनिक सूचना बमोजिम आबस्यक कागजात सहित.......................... कार्यक्रम अन्तर्गत ................................ (औजार/उपकरणको नाम) माग गर्न इच्छुक भएकाले सहभागी गराईदिनुहुन यो निबेदन पेश गरेको छु/छौँ|

| क्र.सं | कृषकको नाम | ठेगाना | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

निबेदन साथ संलग्न भएका कागजातहरु
१. आवेदकको नागरिकताको प्रतिलिपि
२. जग्गाधनी प्रमाणपुर्जा तथा भाडा सम्झौताको प्रतिलिपि
३. कृषि समूह / सहकारी / फर्मको नियमानुसार दर्ता तथा नबीकरण भएको प्रमाण पत्रको प्रतिलिपि र सहकारी संस्थाको हकमा कृषि/पशुपालन/ व्यवसाय संचालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपिहरू
४. संस्थाको हकमा स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
५. कृषि सहकारीहरुको हकमा गत आर्थिक बर्षको लेखा परिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि
६. कृषि समूह / सहकारीको हकमा प्रस्ताब स्वीकृत गरि अनुदान माग गरिएको निर्णयको प्रतिलिपि

मादी गाउँपालिका, कास्की

७. सम्बन्धित वडा कार्यालयको सिफारिश पत्र

...................
निवेदक

## अनुसूची-३
## सम्झौताको ढाँचा

**कृषि औजार उपकरण खरिद तथा वितरण कार्यक्रम संचालनका लागि गरिने सम्झौता पत्र**

मादी गाउँपालिका कृषि विकास शाखामार्फत संचालन गरिने चालु आ.ब ................ को स्वीकृत लक्षित कृषि औजार उपकरण खरिद तथा वितरण कार्यक्रम संचालन गर्न कृषि विकास शाखा, (यसभन्दा पछाडी पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएका कृषक परिवार, कृषि समूह, कृषि सहकारी, कृषि फर्म/कम्पनी श्री/सुश्री/श्रीमती ...................................................................... (यसभन्दा पछाडी दोश्रो पक्ष भनिने) बीच **कृषि औजार उपकरण खरिद तथा वितरण कार्यक्रम संचालन कार्यविधि, २०७७ को** दफा ६ बमोजिम देहायका शर्तहरुको अधिनमा रही यो द्विपक्षीय सम्झौता गरी बुझिलियौं / दियौं|

१. पहिलो पक्षले दोश्रो पक्षलाई कार्यविधि अनुसार कृषि औजार उपकरण खरिद गरी तथा खरिदको लागि अनुदान रकम उपलब्ध गराउने छ ।
२. दोश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक जानकारी प्राप्त गरी आफूले प्राप्त गरेको औजार उपकरणको अधिकतम उपयोग गरी अफ्नो कृषि व्यवसाय सञ्चालन गर्नुपर्ने छ।
३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय सञ्चालन गरे नगरेको अनुगमन गर्नेछन् ।
४. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| पहिलो पक्ष | दोश्रो पक्ष |
|---|---|
| मादी गाउँपालिका कृषि विकास शाखाको तर्फबाट सही गर्नेको | आवेदकको तर्फबाट सही गर्नेको |
| नाम: | नाम: |
| पद: | पद: |
| दस्तखत: | दस्तखत: |

मादी गाउँपालिका, कास्की

मिति: मिति:

कार्यालयको छाप:

संस्थाको छाप: / औंठाको छाप :

दायाँ बायाँ

## अनुसूची-४
## कार्यक्रम मूल्यांकनका आधार

| क्र.सं | औजार/उपकरणको नाम | मूल्यांकन मापदण्ड | |
|---|---|---|---|
| १. | टनेल प्लास्टिक | - आधा रोपनी भन्दा कम क्षेत्रमा तरकारी खेती गरेको<br>- आधा रोपनी देखि एक रोपनी भित्र तरकारी खेती गरेको<br>- एक रोपनी भन्दा बढी क्षेत्रमा तरकारी खेती गरेको<br>- आबेदन पूर्व प्लास्टिक टनेलमा तरकारी खेती गर्ने गरेको<br>- **कुल अंकभार** | -५<br>-१०<br>-१५<br>-५<br>**३५** |
| २. | मौरी घार | - चरन क्षेत्रको उपलब्धता<br>- आबेदन पूर्व ५वटा भन्दा कम घारमा मौरीपालन गर्ने गरेको<br>- ब्यबसायिक मौरीपालन गर्ने गरेको (५ वटा भन्दा बढी)<br>**-कुल अंकभार** | - १०<br>- ५<br>-१५<br>**३०** |
| ३. | प्लास्टिक पोखरी | -आधा रोपनीसम्म माछापालन गर्ने<br>-आधा रोपनी देखि १ रोपनी सम्म माछा पालन गर्ने | - ५<br>- १०<br>- १५ |

माडी गाउँपालिका, कास्की

| | | | |
|---|---|---|---|
| | | - एक रोपनी भन्दा बढी क्षेत्रफलमा माछापालन गर्ने<br>- प्लास्टिक पोखरीमा माछापालन गर्दै गरेको<br>**-कुल अंकभार** | - ५<br>**-३५** |
| ४. | मिनी टिलर (सानो हाते ट्याक्टर) | - १ रोपनी भन्दा कम क्षेत्रफलमा तरकारी खेती गर्ने गरेको<br>- १-२ रोपनी क्षेत्रफलसम्म तरकारी खेती गर्ने गरेको<br>- २ रोपनी भन्दा बढी क्षेत्रफलमा तरकारी खेती गर्ने गरेको<br>- १० रोपनी देखि २० रोपनी क्षेत्रफल सम्म धान खेती गर्ने गरेको<br>- २० रोपनी देखि ३० रोपनी क्षेत्रफलमा धान खेती गर्ने गरेको<br>- ३० रोपनी भन्दा बढी क्षेत्रफलमा धान खेती गर्ने गरेको<br>**-कुल अंकभार** | - १०<br>- २०<br>- ३०<br>- १०<br>- २०<br>-३०<br>**- १२०** |
| ५. | हेल नेट | - आधा रोपनी भन्दा कम क्षेत्रमा तरकारी खेती गरेको<br>- आधा रोपनी देखि एक रोपनी भित्र तरकारी खेती गरेको<br>- एक रोपनी भन्दा बढी क्षेत्रमा तरकारी खेती गरेको<br>- आबेदन पूर्व प्लास्टिक टनेलमा तरकारी खेती गर्ने गरेको<br>- **कुल अंकभार** | -५<br>-१०<br>-१५<br>-५<br>**-३५** |
| ६. | थोपा सिंचाई सेट | - १ रोपनी भन्दा कम क्षेत्रफलमा व्यवसायिक तरकारी खेती गर्ने गरेको<br>- १ रोपनी देखि २ रोपनी क्षेत्रफलमा व्यवसायिक तरकारी खेती गर्ने गरेको<br>- २ रोपनी भन्दा बढी क्षेत्रफलमा व्यवसायिक तरकारी खेती गर्ने गरेको | - १०<br>- २०<br>- ३०<br>**६०** |

| | | | |
|---|---|---|---|
| | | - **कुल अंकभार** | |
| ७. | मल्चिंग प्लास्टिक | - १ रोपनी भन्दा कम क्षेत्रफलमा व्यवसायिक तरकारी खेती गर्ने गरेको<br>- १ रोपनी देखि २ रोपनी क्षेत्रफलमा व्यवसायिक तरकारी खेती गर्ने गरेको<br>- २ रोपनी भन्दा बढी क्षेत्रफलमा व्यवसायिक तरकारी खेती गर्ने गरेको<br>- **कुल अंकभार** | - १०<br>- २०<br>- ३०<br>**-६०** |
| ८. | इस्प्रयेर | - १ रोपनी भन्दा कम क्षेत्रफलमा व्यवसायिक तरकारी खेती गर्ने गरेको<br>- १ रोपनी देखि २ रोपनी क्षेत्रफलमा व्यवसायिक तरकारी खेती गर्ने गरेको<br>- २ रोपनी भन्दा बढी क्षेत्रफलमा व्यवसायिक तरकारी खेती गर्ने गरेको<br>- **कुल अंकभार** | - १०<br>- २०<br>- ३०<br>**-६०** |
| ९. | स्प्रिंकल सिंचाई सेट | - १ रोपनी भन्दा कम क्षेत्रफलमा व्यवसायिक तरकारी खेती गर्ने गरेको<br>- १ रोपनी देखि २ रोपनी क्षेत्रफलमा व्यवसायिक तरकारी खेती गर्ने गरेको<br>- २ रोपनी भन्दा बढी क्षेत्रफलमा व्यवसायिक तरकारी खेती गर्ने गरेको<br>- **कुल अंकभार** | - १०<br>- २०<br>- ३०<br>**-६०** |
| १०. | मेटालिक बिन (अन्न भण्डार गर्ने आधुनिक धातुको भकारी ) खाद्यान्न बाली – धान /मकै/ गहुँ/ कोदो/फापर मध्य जुनसुकै भए हुने | - ५ रोपनी भन्दा कम क्षेत्रफलमा खाद्यान्न बाली खेती गर्ने गरेको<br>- ५ रोपनी देखि १० रोपनी क्षेत्रफलमा खाद्यान्न बाली खेती गर्ने गरेको<br>- १० रोपनी भन्दा बढी क्षेत्रफलमा खाद्यान्न बाली खेती गर्ने गरेको<br>**-कुल अंकभार** | -१०<br>-२०<br>-३०<br>**- ६०** |

| | | | |
|---|---|---|---|
| ११. | पावर रिपर | - १० रोपनी भन्दा कम क्षेत्रफलमा धान खेती गर्ने गरेको<br>- १० देखि २० रोपनी क्षेत्रफल सम्ममा धान खेती गर्ने गरेको<br>- २० रोपनी देखि ३० रोपनी क्षेत्रफल सम्ममा धान खेती गर्ने गरेको<br>- ३० रोपनी भन्दा बढी क्षेत्रफल सम्ममा धान खेती गर्ने गरेको<br>**जम्मा अंकभार** | - १०<br>-२०<br>-३०<br>-४०<br>**-१००** |
| १२. | घाँस काट्ने मेसिन (पशु संख्या  भन्नाले गाइ, गोरु, भैंसी, बाख्रा, भेडाको कुल संख्यालाई बुझ्नु पर्नेछ) | - जम्मा पशु संख्या ५ भन्दा कम भएको<br>- जम्मा पशु संख्या ५ देखि १० सम्म भएको<br>- जम्मा पशु संख्या १० देखि २० भइ व्यवसायिक पशु फर्म संचालन गरेको<br>- जम्मा पशु संख्या २० देखि ५० सम्म भइ व्यवसायिक पशु फर्म संचालन गरेको<br>- ५० भन्दा बढी पशु संख्या भइ व्यवसायिक पशु फर्म संचालन गरेको<br>**कुल अंकभार** | - ५<br>- १०<br>-१५<br>-२०<br>-२५<br>**-७५** |

आज्ञाले
नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत